# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, भदौ ११ गते २०५९ साल (अतिरिक्ताङ्क ४२ (क)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगको मिति २०५१।५।१२ को निर्णयानुसार "राष्ट्रिय जनता परिषद्" र "संयुक्त जनमोर्चा, नेपाल" तथा मिति २०५३।१२।२९ को निर्णयानुसार "राष्ट्रिय जनमोर्चा, नेपाल" नामक राजनैतिक संगठन वा दललाई निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त नभएको राजनैतिक संगठन वा दलको रूपमा दर्ता गरिएकोमा "राष्ट्रिय जनता परिषद्"को तर्फबाट मिति २०५७।८।५ र "संयुक्त जनमोर्चा, नेपाल" तथा "राष्ट्रिय जनमोर्चा, नेपाल"को तर्फबाट मिति २०५९।३।२६ को माग अनुसार उक्त दलहरूलाई निर्वाचन प्रयोजनको निमित्त मान्यता प्राप्त नभएको राजनैतिक संगठन वा दलको सूचीबाट हटाउने गरी मिति २०५९।५।११ मा आयोगबाट निर्णय भएको हुँदा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २३ को उपदफा (२)का प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

खण्ड ५२, अतिरिक्ताङ्क २० (ख), २०५९ साल जेठ २२ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना बमोजिम राजनैतिक संगठन वा दलको रूपमा आफ्नो नाम दर्ता गराउन यस आयोगमा दिएको निवेदन उपर कारवाही हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा १७ को उपदफा (१ख) बमोजिम देहायका राजनैतिक संगठन वा दलहरुको नाम मान्यता प्राप्त नभएको राजनैतिक संगठन वा दलको रूपमा निर्वाचन प्रयोजनको लागि दर्ता गर्ने निर्णय भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. मार्क्सवादी विचार मञ्च, नेपाल
२. जनमोर्चा, नेपाल
३. समाजवादी आन्दोलन, नेपाल
४. नेशनल सोशलिष्ट पार्टी

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार